# बेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. :- ०७९/०८०
च.नं. :- ३६०२

बेनीघाट रोराङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विशालटार, धादिङ बागमती प्रदेश, नेपाल

मिति : २०८०/०१/१४

विषय : आ.व. २०८०/०८१को योजना तथा कार्यक्रम छनौट सम्वन्धि मार्गदर्शन ।

श्री वडा कार्यालय सवै
बेनीघाट रोराङ गाउँपालिका ।

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने योजना तथा कार्यक्रम तर्जुमाको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७४ परिमार्जन सहितको मर्म र भावना बमोजिम निम्न शर्तहरु पालना गरी प्रत्येक टोलहरुमा टोल भेला गराई टोलहरुबाट प्राथमिकीकरण भै आएका योजना तथा कार्यक्रमहरु वडा समितिको वैठकबाट आवश्यकताको आधारमा प्राथमिकीकरण गरी यहि २०८० जेष्ठ १० गते सम्म बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष सिफारिस गरि पठाउनु हुन अनुरोध गरिन्छ ।

शर्तहरु

१. बस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्नेछः
   - क. वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती टोलको तर्जुमा योजना गर्न सहजिकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्नेछ
   - ख. प्रत्येक वडाले वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।
   - ग. वस्तीतहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै बर्ग र समुदाय - महिला,दलित, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत, युवा, वालवालिका, जेष्ठनागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पिछडिएको बर्ग आदिको उपस्थिति सुनिश्चित गर्नुपर्नेछ ।
   - घ. टोल वस्तिमा हुने योजना तर्जुमा प्रकृयामा टोल/बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समुह, वाल क्लवसञ्जाल/, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समुहहरु) लाईपनि सहभागी गराउनु पर्नेछ ।

२०८०/०१/१४
भीष्म कुमार मल्ल
प्रमुख प्रशासकीय अधिकृत

# बेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ

बागमती प्रदेश, नेपाल

प.सं. :- ०७९/०८०

च.नं. :-

२. गाउँसभाबाट सिफारिस भएका योजना तथा कार्यक्रमहरु मात्र आगामी आ.व.मा सञ्चालन हुने भएकोले अनिवार्य सञ्चालन गर्नुपर्ने योजना तथा कार्यक्रम नछुटाई सिफारिस गर्नुहुन ।

३. वडाले प्रत्येक विषयगत क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास) को कम्तिमा एउटा पर्नेगरी वढिमा १५ वटा योजना तथा कार्यक्रम सिफारिस गर्ने ।

४. बार्षिक योजना तथा वजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्नेछः-

क. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

ख. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

ग. स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

घ. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,

ङ. महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

च. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने,

छ. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्दन गर्न सघाउ पुर्याउने,

ज. भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

५. वस्ती/टोलस्तर बैठक आयोजना/आवश्यकता पहिचान २०८० बैशाख मसान्त भित्र गर्ने ।

६. वडाको वजेट सीमा भित्रका आयोजना तथा कार्यक्रमलाई बिषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति समक्ष २०८० जेष्ठ १० गते भित्र सिफारिस गर्ने ।

७. संघीय सरकार र प्रदेश सरकार संग माग गर्ने आयोजनाहरुको सूची बिषयगत रुपमा तयार गरी पेश गर्ने ।

२०८०।१।१४

भीष्म कुमार मल्ल
प्रमुख प्रशासकीय अधिकृत